# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

प.सं. २०८०/०८१
च.नं.

**सवारी साधन भाडामा लिने सम्बन्धी सूचना !**

(प्रथम पटक प्रकाशित मितिः २०८१।०१।१०)

ने.स. ११४४ चौलाथ्व, १४ सोमवार

प्रस्तुत विषयमा आ.व. २०८०/०८१ को असार मसान्तसम्मको लागि रिब्दीकोट गाउँपालिका कार्यालय प्रयोजनको लागि एक चार प्राङ्गे सवारी साधन भाडामा लिने निर्णय भएकोले इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट नियमानुसार खरिद प्रक्रियामा भाग लिनका लागि यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र (२०८१ बैशाख १६ गते दिनको ३ बजे भित्र) यस गाउँपालिकाको राजश्व शाखामा रु १,०००।०० अक्षरुपी रु एक हजार मात्र (फिर्ता नहुने गरी) तिरी दरभाउ पत्र खरिद गरी नगदी रसिद सहिद तपसिल बमोजिमको शर्त र अधीनमा रही गोप्य शिलबन्दी प्रस्ताव ( २०८१ बैशाख १७ गते दिनको २ बजे भित्र) पेश गर्नुहुन अनुरोध छ

**दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. कार्यालयबाट खरिद गरी भरेको कर सहितको मासिक भाडा रकमको शीलबन्दी दरभाउपत्र र निवेदन ,

२. चालकको नागरिकता र चालक अनुमतिपत्रको प्रतिलिपी ,

३. सबारी साधन नवीकरण भएको विल वुक र तेस्रो पक्ष बीमाको प्रमाणित कागजातहरुको प्रतिलिपी,

**सबारी साधन सम्बन्धी शर्तहरु:**

१. चालु अवस्थामा रहेको चार पाङ्गे २०१८ वा सो भन्दा माथीको मोडेलको Four Wheeler कम्तिमा पाँच सिट क्षमता भएको (चालक सहित) सवारी साधन Suitable for Off road हुनुपर्ने ,

२. सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सुविधा र सवारी साधनको नियमित मर्मत सम्भार खर्च सवारीधनी स्वयंले व्यहोर्नुपर्ने, सबारी साधन प्रयोग गर्दा इन्धन कार्यालयले व्यहोर्ने,

४. सवारी साधन मर्मत गर्नुपर्ने भई दुई दिन भन्दा बढी समय सम्म संचालनमा नआएको खण्डमा सो अवधीको लागत मूल्य घटाई भुक्तानी गरिने,

प्रमुख प्रशासकीय अधिकृत

9760870079
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

५. सवारी भाडामा लिदा अग्रिम पेश्की उपलब्ध नगराइने  र सम्झौता अवधीभर पूर्णतया कार्यालयको अधीन र प्रयोगमा रहने,

६. अन्य विषयहरु प्रचलित कानून बमोजिम हुने,

७. दैवी प्रकोप, प्राकृतिक विपत्ती वा कुनै भवितब्यबाट सवारी साधनमा हुने क्षतिको सम्बन्धमा सवारी धनी स्वयं जिम्मेवार हुने,

८. कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका दरभाउपत्रहरु पूर्ण रुपमा वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयको हुनेछ।

..........................
(मणि प्रसाद खनाल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत